नेपाल सरकार
राष्ट्रिय योजना आयोग
पत्र संख्या :
चलानी नं.:
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

### रसुवागढी भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित घरपरिवार तथा प्रतिष्ठानसँग सम्वन्धित सर्वेक्षणको प्रारम्भिक विवरण

सम्वत् २०८३ भदौ १० गते नेपाल चीन सीमा क्षेत्र रसुवागढी र भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको हानी तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजना सहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३, भदौ १२ मा निर्णय भए बमोजिम राष्ट्रिय योजना आयोगले प्रभावित घरपरिवार र प्रतिष्ठानबाट तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरी तथ्याङ्क प्रशोधन तथा विश्लेषण गरिरहेको छ।

आयोगले प्रभावित परिवार तथा प्रतिष्ठानको अवस्था बुझ्न र क्षतिको आकलन गर्न प्रश्नावली तयार गरी तथ्याङ्क सङ्कलनको कार्य अगाडि बढाएको थियो । प्रभावित क्षेत्रमा नेपाल सरकारका विभिन्न निकायमा कार्यरत कर्मचारी परिचालन गरी घरपरिवार तथा प्रतिष्ठानको विवरण सङ्कलन गरिएको थियो। सर्वेक्षण मार्फत तथ्याङ्क सङ्कलनका लागि ५८ टोलीमा १५६ जना प्राविधिक र प्रशासनिक जनशक्तिलाई प्रत्यक्ष रुपमा खंटाइएको थियो भने ४ वटा प्रभावित जिल्लामा कामको सिलसिलामा वा भ्रमणमा रहँदा प्रभावित हुन पुगेका ब्यक्तिका परिवारको लागि सम्बन्धित स्थानीय तहबाट विवरण भर्ने व्यवस्था मिलाइएको थियो। यस क्रममा स्थानीय तह र प्रदेश सरकारसँग समेत आवश्यक समन्वय गरिएको थियो।

घरपरिवार सर्वेक्षणको प्रारम्भिक विवरण अनुसार रसुवा, नुवाकोट, धादिङ र गोरखा गरी ४ जिल्लाका १५ स्थानीय तहमा ७,३१६ घरपरिवार तथा प्रतिष्ठान प्रभावित भएको विवरण प्राप्त भएको छ। ती मध्ये ६,८१७ घरपरिवार र ४९९ व्यवसाय/प्रतिष्ठान प्रभावित भएको देखिन्छ। नुवाकोटमा सबैभन्दा बढी ४,१६४ घरपरिवार तथा प्रतिष्ठान प्रभावित भएका देखिएका छन्। रसुवा जिल्लामा १,९७७ घरपरिवार, धादिङमा १,०५२ र गोरखामा १२३ घरपरिवार तथा प्रतिष्ठान प्रभावित देखिएका छन्।

घरपरिवार सर्वेक्षण अनुसार बाढीबाट ३२,८७२ व्यक्ति प्रत्यक्ष रुपमा प्रभावित भएको देखिन्छ। जिल्लागत रुपमा हेर्दा धादिङमा ४,५८४, गोरखामा ६५८, नुवाकोटमा १७,९५४ र रसुवामा ९,६७६ जनसंख्या प्रभावित भएका छन्। प्रभावितहरु मध्ये १६,७१४ पुरुष र १६,०८० महिला रहेका छन्। अन्य लिङ्गी तथा लैङ्गिक पहिचान नखुलेका प्रभावित व्यक्तिको संख्या ७८ रहेको देखिन्छ।

सर्वेक्षणको प्रारम्भिक नतिजा अनुसार रसुवा भोटेकोशी बाढीबाट ३,०६७ घरधनीको ४,१५१ वटा भवन संरचनामा क्षति पुगेको देखिन्छ। जसमध्ये रसुवामा ८८२ घरधनीको १,२३६ वटा, नुवाकोटमा १,६८६ घरधनीको २,२५६



फोन नं.: ०१-४२११०३२, ४२१११३२, ४२११००४, ईमेल : npc@npc.gov.np, वेब : www.npc.gov.np

वटा, धादिङ्गमा ४८० घरधनीको ६३० वटा र गोरखामा १९ घरधनीको २९ वटा भवन संरचनामा क्षति पुगेको देखिन्छ।

बाढीबाट क्षति पुगेको ४,१५१ वटा भवन संरचनाहरु मध्ये २,७९२ घर, २८८ गोठ/धनसार/मतान, ६५१ ट्रस, २६३ टहरा र १४२ अन्य प्रकारका संरचना रहेका छन् भने १५ संरचनाको प्रकार खुलेको देखिदैन।

सर्वेक्षणबाट प्राप्त विवरणअनुसार २,९८९ (७२.०१) भवन संरचना बाढीबाट पूर्ण रूपमा क्षति पुगेको देखिन्छ। कुल १४१ (३.४ प्रतिशत) संरचना ढल्किएर रहेको भन्ने तथ्याङ्क प्राप्त भएको छ। यसैगरी ३०२ (७.२८ प्रतिशत) भवन आंशिक रूपमा क्षति भएका, ५०८ (१२.२४ प्रतिशत) भवन संरचनामा माटो तथा लेदोले पुरिएका र १९२ (४.६३ प्रतिशत) भवनमा सामान्य क्षति पुगेको देखिन्छ। बाँकी १९ (०.४६ प्रतिशत) वटा संरचनाको क्षतिको प्रकार उल्लेख गरेको पाइएन।

पुनः प्रयोगको सम्भावनालाई हेर्दा ३,१९४ (७६.९५ प्रतिशत) संरचना पुनःप्रयोग गर्न नै नसकिने अवस्थामा रहेको देखियो। यसैगरी ३३२ (८.०० प्रतिशत) पूर्ण मर्मतपछि र ३२० (७.७१ प्रतिशत) वटा सामान्य मर्मतपछि प्रयोग गर्न सकिने देखिएको छ भने ९७ (२.३४ प्रतिशत) वटा संरचनामा मर्मत नगरी पनि बस्न सकिने विवरण प्राप्त भएको छ। यसैगरी २०८ (५.०१ प्रतिशत) वटा संरचनाको बारेमा पुनः प्रयोग गर्न सकिने वा नसकिने उल्लेख नभएको पाइयो।

बाढीबाट घरमा क्षति पुगेको ३०६७ परिवारलाई भविष्यमा स्थायी बसोबासबारे सोधिएकोमा ७९७ (२५.९९ प्रतिशत) परिवारले बाढी अघिकै स्थानमा बस्ने चाहना व्यक्त गरेका छन्। त्यस्तै, ५६५ (१८.४२ प्रतिशत) परिवारले जिल्लाभित्र आफ्नै स्वामित्वको अर्को जग्गामा बस्ने चाहना व्यक्त गरेका छन् भने १५९ (५.१८ प्रतिशत) परिवारले देशभित्रको आफ्नै स्वामित्वमा रहेको जग्गा बस्ने विकल्प रोजेका छन्। सरकारले जग्गा उपलब्ध गराएमा सो स्थानमा बस्न चाहने परिवारको सङ्ख्या ९३९ (३०.६२ प्रतिशत) रहेको छ। त्यसैगरी, सरकारले सामूहिक आवासको व्यवस्था गरेमा सो स्थानमा बस्न चाहने ५९० (१९.२४ प्रतिशत) परिवार रहेको विवरण प्राप्त भएको छ। भविष्यको स्थायी बसोबासको बारेमा उत्तर प्राप्त नभएका घरपरिवारको संख्या १७ रहेको देखिन्छ।

सर्वेक्षणबाट प्राप्त विवरण विश्लेषण गर्दा क्षति भएको भवन संरचनाले ५४.६५ हेक्टर जमिन चर्चेको देखिन्छ। आफनै स्वामित्वमा घर भएको जग्गामा रू. १३ अर्ब २६ करोड बराबरको क्षति र भवन निर्माण लागत रू. ११ अर्ब ९५ करोड रहेको देखिन्छ।

प्राप्त प्रारम्भिक विवरण विश्लेषण गर्दा ३,६१० परिवारको ५०७.९७ हेक्टर जमिनमा क्षति पुगेको र जग्गा जमिनमा करिब रू. ३५ अर्ब ४४ करोड बराबरको क्षति भएको देखिन्छ। त्यसैगरी, लगाइरहेको बाली (Standing Crops) मा करिब रू. २३ करोड २१ लाख (२,९५१ घरपरिवार), भण्डारण गरिएको खाद्यान्नमा करिब रू. १० करोड ४१ लाख (१,८७६ घरपरिवार) र पशुपन्छी तथा माछापालनमा करिब रू. २१ करोड ४२ लाख (१,०११ घरपरिवार)

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

बराबरको क्षति पुगेको देखिन्छ । प्राप्त विवरणलाई हेर्दा घरपरिवारले पालेका ठूला जातका पशु ६६४, साना जातका पशु ४,६०१, पन्छी (कुखुरा/हाँस लगायत) ६३,६३३ र माछा २४,५०८ के.जि. नष्ट भएको देखिन्छ ।

सर्वेक्षणबाट १,११५ घरपरिवारका १,४२३ साना/ठुला तथा दुई पाङ्ग्रे/चार पाङ्ग्रे सहितका सवारी साधनमा रू. १ अर्ब २४ करोड र २,३३० घरपरिवारका नगद, बहुमूल्य, साँस्कृतिक तथा पुरातात्विक वस्तुमा रू. ५.०२ अर्ब बराबरको क्षति भएको विवरण प्राप्त भएको छ ।

यसैगरी सर्वेक्षणको प्रारम्भिक विवरण अनुसार ३,१८७ परिवारको १ अर्ब ४५ करोड बराबरको स्थायी प्रकृतिका सामानमा क्षति पुगेको देखिन्छ भने २,७६९ घरपरिवारको ६६ करोड ३५ लाख बराबरको अस्थायी प्रकृतिका सामानमा क्षति पुगेको देखिन्छ ।

व्यवसाय/प्रतिष्ठानतर्फ भएको क्षतिलाई हेर्दा बाढीबाट प्रभावित ४ जिल्लामा १,६३८ व्यवसाय/प्रतिष्ठानमा क्षति पुगेको देखिन्छ । जिल्लागत रुपमा हेर्दा नुवाकोटमा ९६२, रसुवामा ४१६, धादिङमा २४१, गोरखामा १९ गरी वटा व्यावसायिक प्रतिष्ठान तथा उद्योग व्यावसाय प्रभावित भएका छन् ।

क्षति भएका व्यावसायिक प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलापलाई विश्लेषण गर्दा थोक तथा खुद्रा व्यापार गर्ने व्यवसाय ७७४ (४७.२५ प्रतिशत), आवास तथा खाद्य सेवा ३३७ (२०.५७ प्रतिशत) कृषि, वन तथा मत्स्यपालन १६६ (१०.१३ प्रतिशत), अन्य सेवा प्रदायक १३६ (८.३ प्रतिशत) र बाँकी अन्य प्रकारका आर्थिक क्रियाकलाप गर्ने व्यवसाय/प्रतिष्ठान रहेको देखिन्छ ।

सर्वेक्षणबाट व्यावसायिक प्रतिष्ठानका ४०३ साना/ठूला दुई पाङ्ग्रे/चार पाङ्ग्रे सहितका सवारी साधनमा रू. ९४ करोड बराबरको क्षति भएको देखिन्छ ।

प्राप्त विवरणलाई हेर्दा व्यावसायिक प्रतिष्ठानले पालेका ठूला जातका पशु १३०, साना जातका पशु २,०५८, पन्छी (कुखुरा/हाँस लगायत) १,५३,०५२ वटा र माछा २८,१५० के.जि. नष्ट भएको देखिन्छ ।

यसरी घरपरिवार र प्रतिष्ठानतर्फको सर्वेक्षणको विवरण विश्लेषण गर्दा रसुवा भोटेकोशी बाढीले घरपरिवारतर्फ ६९ अर्ब ५७ करोड र व्यवसाय/प्रतिष्ठानतर्फ ९ अर्ब ६० करोड गरी कुल ७९ अर्ब १७ करोडको क्षति पुगेको प्रारम्भिक अनुमान रहेको छ ।

यी विवरणहरु घरधुरी सर्वेक्षणको प्रारम्भिक तथ्याङ्कमा आधारित छन् । पूर्वाधार, उत्पादनशील, सामाजिक, वातावरण लगायतका क्षेत्रमा भएका क्षति तथा नोक्सानी समेतको विवरण समावेश गरी प्रतिवेदन तयार गर्ने कार्य भइरहेको छ ।

मितिः २०८३ असोज ३० गते, शुक्रबार



फोन नं. : ०१-४२११०३२, ४२१११३२, ४२११००४, ईमेल : npc@npc.gov.np, वेब : www.npc.gov.np

# राष्ट्रिय योजना आयोग

## रसुवा-भोटेकोशी बाढी: सर्वेक्षणको प्रारम्भिक विवरण

२०८३ भदौ १० गतेको बाढीबाट प्रभावित परिवारको प्रारम्भिक विवरण

| प्रभावित व्यक्ति | प्रभावित घरपरिवार | प्रभावित प्रतिष्ठान | पूर्ण क्षति भएका आवासीय संरचना |
|---|---|---|---|
| ३२, ८७२ | ६, ८१७ | ४९९ | २, ९८९ |

## सर्वेक्षण कसरी सञ्चालन गरियो?

अनलाइन एप र ट्याब्लेटसहित कर्मचारी परिचालन गरी तथ्याङ्क सङ्कलन

| जिल्ला | स्थानीय तह | टोली | जनशक्ति |
|---|---|---|---|
| ४ | १५ | ५८ | १५६ |

७,३१६ घरपरिवार तथा व्यवसाय/प्रतिष्ठानको विवरण प्राप्त; ६,८१७ घरपरिवार र ४९९ व्यवसाय/प्रतिष्ठान प्रभावित

## प्रभावित घरपरिवार

| | |
|---|---|
| धादिङ | ९४८ |
| गोरखा | १०८ |
| नुवाकोट | ३,८४१ |
| रसुवा | १,९२० |
| **जम्मा** | ६,८१७ |

## प्रभावित व्यवसाय/प्रतिष्ठान

| | |
|---|---|
| धादिङ | १०४ |
| गोरखा | १५ |
| नुवाकोट | ३२३ |
| रसुवा | ५७ |
| **जम्मा** | ४९९ |




## क्षति भएका भवन संरचनाको संख्या



## क्षति भएको भवन संरचनाको प्रकार




## भवन संरचना भएको क्षतिको प्रकार



## भवन संरचना भएको क्षतिको प्रकार




## लैङ्गिक विवरण

| पुरुष | महिला | लैङ्गिक पहिचान नखुलेका |
|---|---|---|
| १६७१४ | १६०८० | ७८ |



## भवन संरचनामा भएको क्षतिको प्रकार




## पुन:प्रयोगको सम्भावना



## आर्थिक क्षति (प्रारम्भिक अनुमान)

| | | | |
|---|---|---|---|
| घर भएको जग्गा (आफ्नै स्वामित्वको) | क्षेत्रफल (हे.) | घडेरीमा भएको क्षति रकम (रू. अर्ब) | घर निर्माण लागत रकम (रू. अर्ब) |
| | ५४.६५ | १३.२६ | ११.९५ |
| जग्गा जमिन | प्रभावित परिवार संख्या | क्षेत्रफ़ल (हे.) | क्षति रकम (रू. अर्ब) |
| | ३६१० | ५०७.९७ | ३५.४४ |
| खेतबारीमा लगाएको बालीमा भएको क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. करोड) | |
| | २९५१ | २३.२१ | |
| भण्डारमा रहेको खाद्यान्नमा क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. करोड) | |
| | १८७६ | १०.४१ | |
| पशुपन्छी / माछामा भएको क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. करोड) | |
| | १०११ | २१.४२ | |
| परिवारले प्रयोग गरेको सवारी साधनमा भएको क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. अर्ब) | |
| | १११५ | १.२४ | |
| बहुमूल्य, साँस्कृतिक तथा पुरातात्यिक वस्तुमा भएको क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. अर्ब) | |
| | २३३० | ५.०२ | |
| स्थायी प्रकृतिका (टिकाउ हुने) घरायसी वस्तुमा भएको क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. अर्ब) | |
| | ३१८७ | १.४५ | |
| अस्थायी प्रकृतिका (टिकाउ नहुने) घरायसी वस्तुमा भएको क्षति | प्रभावित परिवार संख्या | क्षति रकम (रू. करोड) | |
| | २७६९ | ६६.३५ | |
| कुल क्षति रकम | घरपरिवारतर्फ (रू. अर्ब) | व्यवसाय/ प्रतिष्ठानतर्फ (रू. अर्ब) | जम्मा (रू. अर्ब) |
| | ६९.५७ | ९.६० | ७९.१७ |

## जिल्ला अनुसार प्रभावित व्यावसायिक प्रतिष्ठान




## क्षेत्र अनुसार प्रभावित व्यावसायिक प्रतिष्ठान

| क्षेत्र | व्यावसायिक प्रतिष्ठान संख्या | प्रतिशत |
|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | १६६ | १०.१३ |
| थोक तथा खुद्रा व्यापार | ७७४ | ४७.२५ |
| औद्योगिक उत्पादन | ७० | ४.२७ |
| आवास तथा खाद्य सेवा | ३३७ | २०.५७ |
| यातायात तथा भण्डारण | ३१ | १.८९ |
| निर्माण | ४७ | २.८७ |
| खानी तथा उत्खनन् | ११ | ०.६७ |
| विद्युत्, ग्यास तथा पानी | १ | ०.०६ |
| सञ्चार तथा सूचना तथा सञ्चार प्रविधि | ७ | ०.४३ |
| वित्तीय सेवा | १७ | १.०४ |
| शिक्षा | ४ | ०.२४ |
| मानव स्वास्थ्य | ५ | ०.३१ |
| पेसागत तथा प्राविधिक सेवा | १ | ०.०६ |
| अन्य सेवा | १३६ | ८.३ |
| उल्लेख नगरिएको | ३१ | १.८९ |
| **जम्मा** | १६३८ | १०० |

## भविष्यमा स्थायी बसोबास बारे परिवारको रोजाइ

| बसोबास गर्न चाहेको स्थान | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| बाढी अघि बसोबास गरिरहेको स्थानमा | ७९७ | २५.९९ |
| परिवारको स्वामित्वमा रहेको जिल्लाभित्रकै अन्य स्थानको जग्गामा | ५६५ | १८.४२ |
| परिवारको स्वामित्वमा रहेको देशभित्रको अन्य स्थानको जग्गामा | १५९ | ५.१८ |
| परिवारको स्वामित्वमा नरहेको तर सरकारले उपलब्ध गराएको स्थानमा | ९३९ | ३०.६२ |
| सरकारले उपलब्ध गराएको सामूहिक आवासमा | ५९० | १९.२४ |
| उल्लेख नगरिएको | १७ | ०.५५ |
| **जम्मा** | ३०६७ | १०० |